म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष :१७ अङ्क :- १२९ २०८२ चैत १८ गते बुधबार 1 April 2026, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो । हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ । तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

**सम्पादक ।**

### चितवनमा वर्ड फ्लु

# १८ हजार कुखुरा र ५५ हजार अण्डा नष्ट

समाज संवाददाता

हेटौँडा : चितवनमा कुखुरामा वर्ड फ्लु संक्रमण पुष्टी भएको छ । चितवनको भरतपुर महानगरपालिका-४ मा वर्ड फ्लुको सङ्क्रमण देखिएपछि ठूलो संख्यामा पन्छी र पन्छीजन्य पदार्थहरु नष्ट गरिएको छ । पशु सेवा कार्यालय चितवनका अनुसार चैत १५ गते शुक्रबार भरतपुर-४ स्थित २ वटा पोल्ट्री फार्महरुमा रहेका पन्छी, अण्डा र दाना नष्ट गरिएको हो । 'बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८' बमोजिम रोग नियन्त्रणका लागि कुखुरा, अण्डा तथा दाना नष्ट गरिएको हो । दुवै फार्मबाट गरी कुल १८ हजार ८६३ वटा पन्छी र ५५ हजार ४४० वटा अण्डा नष्ट गरिएको छ ।

राजु आचार्यले सञ्चालक गरेको आर.एन. कृषि फर्मबाट साढे ३ महिनाको ९१३ वटा लोकल कुखुरा र १ हजार ३०० किलो दाना नष्ट गरिएको हो भने बलिभद्र कँडेलले सञ्चालन गरेको कँडेल पोल्ट्री फर्मबाट ५ महिनाका ५ हजार वटा र १५ महिनाका १२ हजार ९५० वटा गरी कुल १७ हजार ९५० वटा लेयर्स कुखुरा नष्ट गरिएको छ । उक्त फर्मबाट ५५ हजार ४४० वटा अण्डा, २ हजार ४०० किलो दाना, ९ हजार किलो मकै र ३५० किलो सोयविन समेत नष्ट गरिएको छ ।

चितवनको भरतपुरमा वर्ड फ्लु सङ्क्रमण पुष्टि भएपछि बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले थप सतर्कता अपनाउन निर्देशन गरेको छ । मन्त्रालयका उपसचिव सुशील केसीले चितवनसहित छिमेकी जिल्लाहरुमा रोग फैलन सक्ने जोखिम रहेको भन्दै जनचेतना र नियन्त्रणका कार्यहरु तीव्र पारिएको जानकारी दिए । उपसचिव केसीका अनुसार सङ्क्रमण देखिएका क्षेत्रमा पन्छी नष्ट गर्ने कार्यका लागि आवश्यक बजेट संघीय सरकारबाट प्राप्त भई सम्बन्धित जिल्लाहरुमा पठाइसकिएको छ । हाललाई पन्छी नष्ट गर्ने कार्यमा खटिने कर्मचारी र अन्य व्यवस्थापकीय खर्चका लागि जिल्लास्तरमै बजेटको व्यवस्था गरिएको र अपुग भएमा मन्त्रालयले थप व्यवस्था गर्ने उनले बताए । रोग नियन्त्रणका क्रममा मारिएका पन्छीहरूको क्षतिपूर्ति रकम संघीय सरकारले उपलब्ध गराउने गरी विवरण तयार गरिरहेको उनले बताए ।

'हामीले जिल्लाहरुलाई आउटब्रेक अन्य क्षेत्रमा पनि फैलिन सक्ने भएकाले उच्च सतर्कता अपनाउन र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न निर्देशन दिएका छौँ', उनले भने, 'हाल सङ्क्रमण देखिएको क्षेत्र नियन्त्रणमा लिएर अन्य क्षेत्रमा फैलन रोक्ने प्रयास गरिएको छ । जिल्लाबाट सङ्क्रमण नियन्त्रणका लागि जनशक्ति र बजेट परिचालनको काम भइसकेको छ ।' सङ्क्रमित क्षेत्रबाट पन्छीजन्य पदार्थको ढुवानीमा रोक लगाउन मन्त्रालयले जिल्लाहरुलाई समन्वय गर्न निर्देशन दिएको उनले बताए । उपसचिव केसीका अनुसार, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने 'वर्ड फ्लु रोग नियन्त्रण प्राविधिक समिति' ले ढुवानी रोक्ने लगायतका निर्णय समेत गर्न सक्ने अधिकार रहेको उनले बताए । हाल प्रदेशमा चितवन, मकवानपुर र काठमाडौं वर्ड फ्लुको उच्च जोखिममा रहेकाले उक्त क्षेत्रमा निगरानी बढाउन मन्त्रालयले सम्बन्धित कार्यालयहरुलाई सूचित गरेको उनले बताए । संभावित क्षेहरुबाट नमुना संकलन गरी परीक्षण गर्न तथा पन्छी ढुवानीमा समेत निगरानी बढाउन भनिएको उनले बताए ।

'जहाँ आउटब्रेक भएको छ, त्यहाँबाट पन्छीजन्य पदार्थ बाहिर पठाउन पूर्ण रोक लगाउन हामीले भनेका छौँ', उनले भने, 'संभावतः क्षेत्रहरु पहिचान गरेर नमुना परीक्षणका लागि पनि भनेका छौं । परीक्षणका लागि काठमाडौँस्थित केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट मात्रै रोगको अन्तिम पुष्टि हुने भएकाले शंकास्पद क्षेत्रबाट नमुना संकलन गरी परीक्षणका लागि पठाउने काम अघि बढाइएको छ ।' उनका अनुसार प्रदेश प्रवेशका नाकाहरुमा रहेका क्वारेन्टाइन कार्यालयहरु संघीय सरकार मातहत भए तापनि प्रदेशका पशु सेवा कार्यालयहरुले पशु स्वास्थ्य तथा पशु सेवा ऐन बमोजिम स्थानीय स्तरमा निगरानी र नियन्त्रणका कार्यहरु गरिरहेको छ । मन्त्रालयले किसानहरुलाई जैविक सुरक्षाका उपायहरु अपनाउन र पन्छीमा कुनै असामान्य लक्षण देखिएमा सम्पर्क गर्न समेत आग्रह गरेको उनले बताए ।

### के छ कृषकको राहतको व्यवस्था ?

वर्ड फ्लुबाट प्रभावित कृषकका लागि नेपाल सरकारले तोके अनुसारको राहतको व्यवस्था रहेको छ । 'वर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९' अनुसार पन्छी र सामग्री नष्ट गरिएका किसानले राहत पाउने छन् ।

उक्त मापदण्ड अनुसार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको 'दररेट निर्धारण समिति' ले तय गरेको प्रचलित बजार मूल्यको ७५ प्रतिशत रकम किसानलाई राहत स्वरुप उपलब्ध गराइनेछ । यसका लागि सम्बन्धित धनीले पन्छी नष्ट गरिएको मितिले ३० दिनभित्र आवश्यक कागजात (नष्ट गरेको प्रमाण-पत्र, फार्म दर्ता प्रमाण-पत्र आदि) सहित सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

वर्ड फ्लु नियन्त्रण कार्यमा खटिने टोली प्रमुख र कर्मचारीहरुका लागि सरकारले विशेष प्रोत्साहनको व्यवस्था गरेको छ । नियन्त्रण कार्यमा खटिएका अवधिभर कर्मचारीले प्रचलित तलबको सतप्रतिशत थप सुविधा, खाजा खर्च र १० लाख रुपैयाँको जोखिम बीमा सुविधा पाउने व्यवस्था रहेको छ ।

# ९ वटा पालिकाबाट ८ कक्षाको परीक्षामा ३३८ जना अनुपस्थित



हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयमा ८ कक्षाको परीक्षा दिँदै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्लाको १० पालिकामा आधारभूत परीक्षा सकिएको छ । सबै पालिकामा चैत ८ गतेबाट सुरु भएको परीक्षा सोमबार सकिएको हो । परीक्षामा ९ वटा पालिकामा ३ सय ३८ जना विद्यार्थी अनुपस्थित भएका छन् ।

परीक्षामा मकवानपुरगढी गाउँपालिकामा ८० जना परिक्षार्थी अनुपस्थित भएका छन् भने सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकामा एक जना अनुपस्थित भएका छन् । फारम भरेका मध्ये केहि विद्यार्थीले अरु नै विद्यालयमा जाने, बीचमै पढाई छाड्ने लगायतका कारण विद्यार्थी परीक्षामा अनुपस्थित भएको पालिकाका शिक्षा शाखाका प्रमुखहरुको भनाई छ । साथै १ कक्षादेखि ९ कक्षासम्मको वार्षिक परीक्षा ९ वटा पालिकामा सकिएको छ भने हेटौंडा उपमहानगरको विद्यालय आफैंले संचालन गर्ने भएकाले समयानुकुल संचालन भइरहेको छ ।

हेटौंडा उपमहानगरपालिकाले विद्यार्थी संख्याको विवरण आफैंसँग राख्न विद्यालय जिम्मेवारी दिएको शिक्षा विकास महाशाखा निमित्त प्रमुख हरिचन्द्र सापकोटाले बताउनुभयो । पालिकाले ८ कक्षाको परीक्षाका लागि मिति तोकेको थियो भने बाँकी कक्षाका लागि विद्यालयलाई नै जिम्मेवारी दिएको उहाँको भनाई छ ।

मकवानपुरको बागमती, इन्द्रसरोवर, मकवानपुरगढी, मनहरी, भीमफेदी, थाहा, राक्सिराङ र कैलाशमा ८ गते आइतबारबाट परीक्षा सुरु भएको थियो भने बकैया गाउँपालिकामा ५ गतेबाट १५ गतेसम्म संचालन भएको थियो । सबै विद्यालयहरुले पालिकाको क्यालेण्डर र निर्णय अनुसार परीक्षा संचालन गरेको पालिकाका शिक्षा शाखा प्रमुखहरुले बताएका छन् । सबै कक्षाको नतिजा चैत महिनाभित्र सार्वजनिक हुने बताइएको छ । मकवानपुरको बागमती गाउँपालिकामा यस वर्ष ८ कक्षाको परीक्षाका ७१ जना विद्यार्थी अनुपस्थित भएका छन् । पालिकाका शिक्षा शाखा प्रतिनिधि प्रमोद राईका अनुसार ४९१ जना विद्यार्थीले परीक्षा फारम भरेका थिए भने ४२० जना मात्रै परीक्षामा सहभागी भएका छन् । परीक्षाको नतिजा चैत महिना भित्र नै सार्वजनिक गर्ने उहाँको भनाई छ ।

यस्तै बकैया गाउँपालिकामा ५० जना अनुपस्थित भएका छन् । परीक्षा फारम ६८१ जनाले भरेका थिए भने परीक्षामा ६३१ जना मात्रै सहभागी भएका छन् । नतिजा चैत २७ गते हुने पालिकाका प्राविधिक सहायक आशमान बोम्जनले जानकारी दिनुभयो । इन्द्रसरोवर गाउँपालिकामा १ जना मात्रै विद्यार्थी अनुपस्थित भएको शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले जानकारी दिनुभयो । परीक्षा फारम १७१ जनाले भरेका थिए भने १ जना मात्रै परीक्षामा अनुपस्थित भएको उहाँले बताउनुभयो । नतिजा चैत २० गते भित्र सार्वजनिक गर्ने उहाँको भनाई छ ।

राक्सिराङ गाउँपालिकामा ५४ जना विद्यार्थी अनुपस्थित भएका छन् । ३८० जनाले परीक्षा फारम भरेका थिए भने ३२६ जना परीक्षामा सहभागी भएको पालिकाका शिक्षा शाखाका संजयप्रसाद गुप्ताले बताउनुभयो । चैत महिनाभरिमा परीक्षाको नतिजा सार्वजनिक गरिने उहाँको भनाई छ । मकवानपुरगढी गाउँपालिकामा ८० जना विद्यार्थी अनुपस्थित भएका छन् । पालिकाका शिक्षा शाखा प्रमुख रामबहादुर घलानका अनुसार ३६८ जनाले फारम भरेका थिए भने ३२६ जना मात्रै परीक्षामा सहभागी भएका थिए । नतिजा चैत २५ गते सार्वजनिक हुनेछ ।

कैलाश गाउँपालिकामा १४ जना विद्यार्थी अनुपस्थित भएका छन् । पालिकाका शिक्षा शाखाका समीर जोशीका अनुसार ३०९ जनाले परीक्षा फारम भरेका थिए भने २९५ जना परीक्षामा सहभागी भएका थिए । नतिजा २२ गतेभित्र सार्वजनिक गर्ने उहाँको भनाई छ । मनहरी गाउँपालिकाबाट ४७ जना विद्यार्थी अनुपस्थित भएका छन् । पालिकाका शिक्षा शाखा प्रमुख प्रदिप पराजुलीका अनुसार ८१३ जनाले परीक्षा फारम भरेका थिए भने ७६६ जना परीक्षामा सहभागी भएका थिए । नतिजा २५ गतेभित्र सार्वजनिक गर्ने उहाँको भनाई छ । थाहा नगरपालिकामा ९ जना विद्यार्थी अनुपस्थित भएका छन् । पालिकाका शिक्षा अधिकृत माधवविक्रम मल्लका अनुसार ६०३ जनाले परीक्षा फारम भरेका थिए भने ५९४ जना परीक्षामा सहभागी भएका थिए । नतिजा २५ गतेदेखि २० गते भित्र सार्वजनिक हुने उहाँको भनाई छ ।

# लागूऔषधको खेती भेटिए जनप्रतिनिधि र शिक्षकलाई कारवाही



समाज संवाददाता

हेटौंडा : मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले अवैध गाँजा तथा अफिम खेतीलाई निरुत्साहित गर्न निर्देशन दिएका छन् । उनले जिल्लाको राक्सिराङ, कैलाश र मनहरी क्षेत्रमा भइरहेको अवैध गाँजा तथा अफीम खेतीलाई स्थानीय स्तरबाट निरुत्साहित गर्नुपर्ने बताएका हुन् ।

राक्सिराङ गाउँपालिकामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रजिअ अधिकारीले खेतीपाती प्रणालीमा परिवर्तन नगरे राज्य कडा रुपमा प्रस्तुत हुने बताए । अवैध लागूऔषध खेतीका कारण समाजले ठुलो मूल्य चुकाउनु परेकाले उनले अब उक्त कार्यमा लागेका जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरुलाई समेत नछोडिने बताए । लागूऔषधकै कारण राक्सिराङ्ग र आसपासका ३०० भन्दा बढी युवाहरू हाल जेलमा रहेको उनको भनाई छ । उनले युवा पुस्ता कुलतमा फसेकोमा चिन्ता व्यक्त गर्दै सन्ततीको भविष्यका लागि पनि सोच परिवर्तन गर्नुपर्नेमा बताए ।

'यदि जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरुको घरमा अफिम वा गाँजा खेती फेला पऱ्यो भने हामी उत्पादनलाई मात्र होइन, व्यक्तिलाई पनि कारबाही गर्ने हिसाबले अगाडि बढ्छौं । यो कुरामा सबैले ध्यान दिनुहोला', उनले भने, 'खेती किसानीका लागि दिइएको ट्र्याक्टर अफीम र गाँजा ओसार्न होइन । भोलिका दिनमा मुद्दा परेपछि मैले त लगाएको मात्रै हो भनेर रोइलो नगर्नुहोला । यो मेरो चेतावनी हो । कहिलेसम्म नसुध्रिने हामी नेपाली ?'

प्रजिअ अधिकारीले अवैध खेतीको विकल्पमा व्यावसायिक कागती खेती, तरकारी खेती र अर्ग्यानिक उत्पादनमा लाग्न स्थानीयलाई आग्रह गरे । गाउँमा दैनिक उपभोगका लागि आवश्यक पर्ने सामान्य टमाटर, धनियाँ र लसुन समेत नहुनु दुःखद भएको र घर-घरमा उत्पादन बढाउन सुझाव दिए ।

स्थानीय सरकारलाई समेत उक्त विषयमा गम्भीर हुन उनले आग्रह गरे । उनले पर्यटन प्रवर्द्धनका लागि होमस्टेहरु खोल्न र कानुनी बाटो अपनाउन अनुरोध गरे । उनले गाँजा र अफीम खेतीका कारण गाउँपालिका अध्यक्षहरु समेत चाडबाडका बेला आफ्ना जनतालाई जेलमा भेट्न जानुपर्ने बाध्यता रहेकाले अब यस्तो अवस्थाको अन्त्य हुनुपर्ने बताए ।

# बागमतीमा ७ मन्त्रालय बनाउने काँग्रेसको निर्णय

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा ७ वटा मन्त्रालय बनाउने सत्तारुढ दल नेपाली कांग्रेसले निर्णय गरेको छ । नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा काठमाडौंमा बसेको संसदीय दलको बैठकले प्रदेशमा कायम रहेको १३ मन्त्रालयलाई घटाएर ७ वटा कायम गर्ने निर्णय गरेको हो ।

प्रदेश सरकारले गठन गरेको उच्चस्तरीय प्रशासनिक पुनःसंरचना समितिले बुझाएको मस्यौदामा हाल रहेको १३ वटा मन्त्रालयलाई ७ मन्त्रालयमा सीमित राख्न सिफारिस गरेअनुसार कार्यान्वयनमा जाने निर्णय भएको संसदीय दलका सचिव मिनकृष्ण महर्जनले जानकारी दिए । उनका अनुसार समितिको सिफारिस बमोजिम प्रदेशमा रहेको ७ वटा निर्देशनालयलाई २ वटामा सीमित राख्ने र ५ वटा खारेज गर्ने निर्णय गरेको हो । बैठकले हाल कायम रहेका कर्मचारी दरबन्दीमध्ये ७०१ जना कर्मचारी कटौती गर्ने सिफारिसलाई सरकारमा सहभागी २ दलको आपसी छलफल गरी पारित गर्नतर्फ आग्रह गर्ने निर्णय गरेको उनले बताए ।

बैठकले आगामी एक हप्ताभित्र प्रदेशसभा बैठक सञ्चालन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ भने बागमती प्रदेश सभा सभामुख पदमा नेपाली कांग्रेसले दावी गर्ने निर्णय गरेको छ । बैठकले कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित नेपाली कांग्रेसका सह-महामन्त्री बहादुरसिंह लामालाई बधाई तथा शुभकामना व्यक्त गर्ने, काँग्रेसभित्रको आन्तरिक समस्यालाई आपसी सहमति र संवादमार्फत छिट्टै समाधानतर्फ अगाडि बढी पार्टीलाई १५ औं महाधिवेशनलाई एकताको महाधिवेशनको सन्देश दिनलाई दुवै पक्षलाई आग्रह गर्ने निर्णय गरेको छ ।

# राक्सिराङका आगलागी पीडितलाई घर बनाउँदै श्रम संस्कृति पार्टी



आगलागी पीडितका लागि घर निर्माण गरिँदै ।

समाज संवाददाता

हेटौँडा : मकवानपुरको राक्सिराङ गाउँपालिकाका आगलागी पीडित एक चेपाङ परिवारका लागि श्रम संस्कृति पार्टीले श्रमदानबाट घर निर्माण कार्य सुरु गरेको छ । राक्सिराङ-३, लावतीकी कान्छिमाया चेपाङको घरमा चैत ४ गते आगलागी हुँदा जलेर नष्ट भएको थियो ।

आगलागी लगत्तै चैत ५ गते पीडित परिवारको अवस्था बुझ्न पुगेको श्रम संस्कृति पार्टीको टोलीले तत्कालका लागि १० हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री सहयोग गरेको पार्टीका मकवानपुर जिल्ला अध्यक्ष युनेश लामाले बताउनु भयो । आइतबारदेखि स्थानीय र पार्टी कार्यकर्ताको सहयनेगमा घर निर्माण कार्य अगाडि बढाइएको छ ।

अध्यक्ष लामाका अनुसार घर निर्माणका लागि आवश्यक भौतिक सामग्रीहरु सहयोगीहरूबाट स्वेच्छिक रुपमा संकलन गरिएको रकमबाट खरिद गरिनेछ भने अन्य जनशक्ति 'श्रमदान' मार्फत जुटाइनेछ । श्रम संस्कृति पार्टीको मर्म अनुसार श्रमदानबाट घर बनाउन सुरु गरिएको र उक्त कार्यमा स्थानीयले पनि सहयोग गरिरहेको अध्यक्ष लामाले जानकारी दिनुभयो ।

दुई कोठाको जस्ताको छानो भएको पक्की घर निर्माणका लागि कुल २ लाख ५० हजार रुपैयाँ लागत अनुमान गरिएको छ । निर्माण कार्यलाई तीव्रता दिएर यसै महिनाको अन्त्यसम्ममा सम्पन्न गर्ने र नयाँ वर्ष २०८३ अघि नै पीडित परिवारलाई घर हस्तान्तरण गर्ने लक्ष्य रहेको अध्यक्ष लामाले बताउनुभयो ।

## सम्पादकीय

# प्रधानमन्त्रीको परिपक्व पहल

काठमाडौं महानगरको प्रमुखको रुपमा साढे ३ वर्ष शासन गरेका बालेन्द्र शाह फागुन २१ को निर्वाचनबाट झण्डै दुइतिहाई सांसदको समर्थनमा शक्तिशाली प्रधानमन्त्रीको रुपमा गत शुक्रबार सपथसँगै पदभार ग्रहण गर्नुभयो । एउटा पालिकाको प्रमुखको रुपमा एक्लो उभिएर एक सय ५० भन्दा बढी जनप्रतिनिधिहरुसँग लड्दै, भिड्दै बालेन्द्र शाहले आफ्नो भविष्यको मार्ग प्रसस्त गरे । समग्र नीति, रणनीतिको चलाखीपूर्व कार्यान्वयन गर्दै जनमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ उपाध्यक्ष बालेन्द्र शाहले गत शुक्रबार पदभार ग्रहण गरेदेखि तीव्र गतिमा काम भइरहेको छ । भ्रष्ट्राचार नियन्त्रण, जेन जी आन्दोलनको दोषीलाई कारवाहीसँगै संघीय सरकारको नियमित कामलाई सशक्त कार्यान्वयनमा अग्रसर बालेन्द्र शाहले भोलि बिहिबार संसद बैठक आव्हान गरेका छन् । ३६ वर्षे युवाले पछिल्लो ५ वर्षको अवधिमा सिंगो मुलुकको राजनीतिलाई वैकल्पिक मार्गमा स्थापित गर्न सफल भएका छन् ।

प्रधानमन्त्रीका रुपमा बालेन्द्रले कर्मचारी प्रशासनलाई परिचालन गर्ने, संघीय सांसदहरुलाई जिम्मेवार बनाउने विषयमा सशक्त काम गरिरहेका छन् । प्रधानमन्त्री बालेन्द्र शाहले सोमबारबाट प्रदेशगत सांसदहरुसँग अन्तरक्रिया समेत गर्दै सरकारले काखा र पाखा नगर्ने, जनताको सेवामा समर्पित हुने बताए । प्रधामन्त्री बालेन्द्र शाहले मंगलबार सांसदहरुलाई थप जुझारु शैलीमा निर्देशन दिनुहुँदै कर्मचारी प्रशासनलाई जिम्मेवार हुन अग्रसर हुनुभएको छ । प्रधानमन्त्री बालेन्द्र शाहले सांसदहरुलाई आआफ्नो क्षेत्रका जनताको कुरा सुन्न, जनभावनाअनुसार काम गर्न आफू तयार रहेको र त्यसमा सांसदहरुले पनि मिहिनेत गर्नुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री शाहले सांसदहरुलाई सरकारको प्राथमिकता, बजेट विनियोजनमा समान दृष्टिकोणले काम गर्ने प्रतिवद्धता समेत गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार भएको छलफलमा कोशी र कर्णाली प्रदेशका सांसदहरूले स्थानीय समस्या, विकास आयोजना, बजेट, सामाजिक सुरक्षा लगायतका विषय राखेका थिए । प्रदेशका सामूहिक समस्या, प्रत्येक निर्वाचन क्षेत्रका समस्याको सन्दर्भमा प्रधानमन्त्रीलाई जानकारी गराइएको थियो भने प्रधानमन्त्री बालेन्द्रले बजेटको आधारमा विकास आयोजनालाई प्राथमिकतामा राख्ने र सबै क्षेत्रमा समान रुपमा बजेट वितरण गर्ने प्रतिवद्धता जनाउनुभयो । सरकार गठन भएर सदनको बैठक आव्हान नै नगर्दा प्रधानमन्त्रीले प्रदेशगत सांसदलाई बोलाएर सरकारको कामलाई प्रभावकारी बनाउने विषयमा ध्यान दिएको हो । सांसदहरु आफ्ना विचार प्रस्तुत गर्न संसद मात्रै नभएर सरकार र राज्यका अन्य संयन्त्रहरु पनि रहेछ भनेर खुसी देखिएका छन् । सदनमै जायज मुद्दामा बोल्दा समेत सम्बोधन नहुने हिजोको परम्परा विपरित सरकारले जनप्रतिनिधिको सम्मानसहित सक्दो साथ, सहयोग र सहकार्यका लागि गरिएको आव्हान एउटा परिपक्व, वौद्धिक र सक्षम नेताको रुपमा आफूलाई प्रस्तुत गर्न सफल भएका छन् ।

परिपक्व सरकारको रुपमा बुझाउन एकजना युवा प्रधानमन्त्रीको प्रयासले मुलुकको भविष्य उज्यालो हुने अनुमान समेत गर्न सकिन्छ । बलियो जनमतका कारण प्रधानमन्त्री बालेन्द्र शाहबाट दम्भको त्रास विपरित सहज सम्बन्ध र सशक्त प्रस्तुती आफैँमा प्रशंसनीय छ । युवा प्रधानमन्त्रीको परिपक्व अगुवाईले छिट्टै मुलुकलाई सबल बनाउने आशा पनि गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक रहन्छन् ।
**वृष** : सामाजिक र परोपरकारजन्य क्रियाकलापमा सहभागी भइनेछ ।
**मिथुन** : नयाँ सवारी साधन प्राप्त हुने समय योग रहेको देखिन्छ ।
**कर्कट** : लेखाइ–पढाइका कामबाट लाभ प्राप्त हुने समय योगछ ।
**सिंह** : धार्मिक एवम् सामाजिक कारोबारमा मन जाने समय छ ।
**कन्या** : शारीरिक अस्वस्थता बढ्ने समय योग रहेको देखिन्छ ।
**तुला** : अध्ययन–अध्यापन मध्यमकारक रहेको देखिन्छ ।
**वृश्चिक** : पढाइ र परोपकारजन्य कामबाट लाभ प्राप्त हुने समय छ ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग देखिन्छ ।
**मकर** : शारीरिक अस्वस्थता बढ्ने समय योग रहेको देखिन्छ ।
**कुम्भ** : धार्मिक क्षेत्रका काममा सरिक भइने समय योग देखिन्छ ।
**मीन** : व्यक्तिगत कार्यक्षेत्रमा बोझ बढ्ने समय योग छ ।

# धुरन्धर फिल्मको सन्दर्भमा नेपालको यथार्थ



टार्जन कुँवर



दक्षिण एसिया विश्वकै संवेदनशील र रणनीतिक दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्रमध्ये एक हो । यस क्षेत्रभित्रको शक्ति सन्तुलन, ऐतिहासिक द्वन्द्व, राजनीतिक अविश्वास र भूराजनीतिक प्रतिस्पर्धाले यहाँका साना राष्ट्रहरूलाई विशेष चुनौतीहरू सामना गर्न बाध्य बनाएको छ । यस्तै परिवेशलाई पृष्ठभूमि बनाएर निर्माण गरिएको धुरन्धर जस्ता फिल्महरूले यथार्थसँग नजिक हुने गरी शक्ति राष्ट्रहरूबीचको प्रतिस्पर्धा, गुप्तचर गतिविधि, कूटनीतिक खेल र आन्तरिक कमजोरीहरूको प्रभावलाई प्रस्तुत गरिएको छ । यद्यपि यी फिल्महरू काल्पनिक हुन्, तर तिनले दिने सन्देश नेपालजस्तो राष्ट्रका लागि अत्यन्त गहिरो र विचारणीय हुन सक्छ । नेपालको भूराजनीतिक अवस्थितिमा दुई विशाल र प्रभावशाली राष्ट्रहरू भारत र चीनबीच रहेको, यसलाई अवसर र चुनौती दुवै प्रदान गर्ने विशेषता रहेको छ ।

यद्यपि धुरन्धर फिल्मको कथा भारत-पाकिस्तान बिच केन्द्रित छ, त्यसमा देखाइने राजनीतिक, शक्ति प्रतिस्पर्धा, सुरक्षाको मनोविज्ञान, र आन्तरिक हस्तक्षेपको रणनीतिले नेपालले पनि भोगिरहेको वा भोग्न सक्ने यथार्थलाई संकेत गर्दछ । कुनैपनि राष्ट्रको आन्तरिक कमजोरी बाह्य हस्तक्षेपको मुख्य आधार बन्छ भन्ने त्यस सन्दर्भमा निकै महत्वपूर्ण भूमीकाले दृश्य देखाएको छ । नेपालको राजनीतिक इतिहासलाई हेर्दापनि नेपालमा बारम्बार देखिने अस्थिरता, सरकार परिवर्तनको चक्र, दलगत स्वार्थ र सत्ता केन्द्रित राजनीति, बाह्य शक्तिहरूका लागि हस्तक्षेपको सहज वातावरण बन्ने गरेको पाइन्छ । जब राजनीतिक दलहरू राष्ट्रिय हितभन्दा संकुचित स्वार्थमा अल्झिन्छन्, तब देशको नीति, निर्णय र प्राथमिकतामा बाह्य प्रभाव बढ्न थाल्छ । धुरन्धर फिल्मले देखाएझैं, शक्ति राष्ट्रहरूले प्रत्यक्ष रूपमा होइन, तर कूटनीतिक, आर्थिक, वा गुप्त माध्यममार्फत प्रभाव विस्तार गर्छन् । नेपालका लागि पनि यसले स्पष्ट सन्देश दिन्छ, आन्तरिक रूपमा बलियो नभई बाह्य रूपमा स्वतन्त्र रहन सकिँदैन । कुनैपनि देशको समृद्धि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र सुशासनमा आधारित हुन्छ ।

नेपालमा दीर्घकालीन योजना निर्माणको अभाव, नीतिको निरन्तरतामा कमी, र प्रशासनिक कमजोरीहरूले विकासको गति सुस्त बनाएको छ । धुरन्धर फिल्ममा देखाइने निरन्तर द्वन्द्व र अविश्वासले कसरी आर्थिक गतिविधिलाई अवरुद्ध गर्छ भन्ने कुरा नेपालका लागि चेतावनी हो । विदेशी लगानी आकर्षित गर्न, उद्योगधन्दा विस्तार गर्न र रोजगारी सिर्जना गर्न स्थिर र विश्वासयोग्य वातावरण अपरिहार्य हुन्छ । अन्यथा, समृद्धिको सपना केवल भाषण र घोषणामा सीमित रहन सक्छ । नेपालको खुल्ला सिमाना विशेषगरी भारतसँगको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र आर्थिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ । तर यही खुलापनले सुरक्षा चुनौतीहरू पनि निम्त्याएको छ । लागू औषध कारोबार, मानव तस्करी, अवैध हतियार ओसारपसार र आपराधिक सञ्जालहरूका लागि खुल्ला सिमाना सहज मार्ग बन्ने गर्दछ । धुरन्धर फिल्ममा सीमाना क्षेत्रलाई सुरागी गतिविधि र रणनीतिक खेल तथा पाकिस्तानबाट नेपालको मार्ग भै कालोधन, नक्कली नोट, लागू औषध कारोबारका रूपमा प्रयोग गरिएको भनि फिल्ममै नेपाल देशको नाम किटान गरि देखाइएको छ, जसले नेपाललाई सचेत गराउँछ कि सिमाना व्यवस्थापन केवल सुरक्षा निकायको जिम्मेवारी मात्र नभई राष्ट्रिय प्राथमिकताको विषय हुनुपर्छ ।

खुलापनलाई कायम राख्दै, आधुनिक प्रविधि र सहकार्यका माध्यमबाट निगरानी सुदृढ गर्नु आजको आवश्यकता हो । भूराजनीतिक सन्तुलन नेपालको परराष्ट्र नीतिको केन्द्रबिन्दु हो । दुई ठूला शक्तिहरूबीच रहेको नेपालले कुनै एक पक्षमा झुकाव देखाउनु दीर्घकालीन रूपमा हानिकारक हुन सक्छ । धुरन्धर फिल्मले देखाएको शक्ति प्रतिस्पर्धाको शैलीले स्पष्ट गर्छ कि ठूला राष्ट्रहरु आफ्नो प्रभाव विस्तार गर्न सधैं सक्रिय रहन्छन् । यस्तो अवस्थामा नेपालले सन्तुलित कूटनीति अपनाउँदै, राष्ट्रिय हितलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । मित्रता सबैसँग, निर्भरता कसैसँग होइन भन्ने नीति व्यवहारमा पनि लागू गर्न सक्नु पर्छ यदि लागू गर्न सकिए मात्र नेपालले आफ्नो सार्वभौमिकता सुरक्षित राख्न सक्छ । नेपालको नेतृत्वहरुको भूमिकामा नेपालको वर्तमान राजनीतिक परिदृश्यमा सुधारको आवश्यकता स्पष्ट देखिन्छ । जब नेतृत्व दूरदर्शी, पारदर्शी र जिम्मेवार हुँदैन, तब देशको दिशा अस्पष्ट बन्छ । धुरन्धर फिल्मका पात्रहरूझैं, वास्तविक जीवनमा पनि निर्णयकर्ताहरूलाई नैतिकता र स्वार्थबीचको छनोट गर्नुपर्ने हुन्छ । तर राष्ट्रहितलाई केन्द्रमा राख्ने नेतृत्व बिना स्थिरता र विकास सम्भव हुँदैन । त्यसैले नेतृत्वमा इमानदारी, जवाफदेहिता र राष्ट्रिय प्रतिबद्धता अनिवार्य हुनुपर्छ । यससँगै, जनताको चेतना र सहभागिता पनि उत्तिकै महत्वपूर्ण छ । लोकतन्त्र केवल निर्वाचनमा सीमित हुँदैन; यो निरन्तर सचेतना, निगरानी र सहभागितामा आधारित हुन्छ । गलत सूचना, सामाजिक सञ्जालमार्फत फैलिने अफवाह, र विभाजनकारी प्रवृत्तिले समाजलाई कमजोर बनाउँछ । धुरन्धर फिल्मले देखाएको सूचना युद्ध आजको डिजिटल युगमा झनै खतरनाक रूपमा देखा परेको छ । त्यसैले, नागरिकहरूले सूचना विश्लेषण गर्ने क्षमता विकास गर्दै सत्य र असत्य छुट्याउने अभ्यास गर्न आवश्यक छ । धेरै जसो डिजिटल सूचनाहरु पनि AI को माध्यमबाट आउने गर्छ, हामीले त्यस्ता भ्रमात्मक सूचनाहरुपनि सत्य तथ्य स्पष्ट केलाउन सक्ने हुनुपर्छ त्यस्ता सूचनाहरुको नेतृत्वमा बस्ने लिडरहरुले पनि निग्रानिमा राख्नुपर्छ । राजनीतिक अस्थिरता, आर्थिक असन्तुलन, सामाजिक विभाजन र बाह्य हस्तक्षेपले कुनै पनि राष्ट्रलाई कमजोर बनाउँदछ । नेपालले दीर्घकालीन स्थिरता सुनिश्चित गर्न संवैधानिक व्यवस्था, संस्थागत सुदृढीकरण र सुशासनलाई प्राथमिकता दिनुपर्छ । केवल सरकार परिवर्तनले होइन, प्रणालीको स्थायित्वले देशलाई बलियो बनाउँछ भन्ने बुझाइ विकास गर्नु आवश्यक छ । धुरन्धर फिल्मले नेपालका लागि एउटा गहिरो सन्देश पनि दिएको छः राष्ट्रको शक्ति केवल सैन्य बलमा होइन, आन्तरिक एकता, आर्थिक सुदृढता, कूटनीतिक सन्तुलन र नागरिक चेतनामा निहित हुन्छ । यदि नेपालले यी आधारहरूलाई मजबुत बनाउन सकेन भने, बाह्य प्रभाव, अवैध गतिविधि र आन्तरिक कमजोरीहरूले राष्ट्रलाई निरन्तर द्वन्द दबाबमा राखिरहनेछ । नेपाल आज एक निर्णायक मोडमा उभिएको छ । हालसालै २०८२ फागुन २१ गतेको निर्वाचनले नयाँ शक्तिको उदय भएको छ । उक्त नयाँ बहुमत शक्तिले पनि भूराजनीतिक प्रतिस्पर्धा, आन्तरिक चुनौती र विकासको आकांक्षाबीच आफ्नो मार्ग स्पष्ट गर्नुपर्ने आवश्यकता छ । आन्तरिक रूपमा एकताबद्ध, राष्ट्रिय सहमती, कूटनीतिक रूपमा सन्तुलित, आर्थिक रूपमा आत्मनिर्भर र सामाजिक रूपमा सचेत राष्ट्रका रूपमा अघि बढाउन सकेमा मात्र नेपालले स्थिरता, समृद्धि र सार्वभौमिकताको लक्ष्य हासिल गर्न सक्छ । अन्यथा, अस्थिरता र बाह्य प्रभावको चक्रबाट बाहिर निस्कन झन ठुलो कठिन हुनेछ । देशले अझै ठुलो क्षती व्यहोर्नु पर्ने हुन्छ ।

# 'आमा म त फर्केर आएँ, खरानीबाट उठेर आएँ'



शिव मुखिया




### दुखान्त !

जे-जे नहुनु थियो, सबै भएको थियो । बेचैनी, निराशा र दुखान्तले हरेकको मन पिरोलिएको थियो । रगतको टाटो सुकेको थिएन, खरानीको थुप्रो सेलाएको थिएन, धुँवाको मुश्लो हराएको थिएन ।

कुनै एक्सन थ्रिलर सिनेमाको क्लाइमेक्सजस्तै थियो त्यो त्रासद याम ।

अनौठो सन्नटा र अनिश्चयको घडीमा सुस्ताएर बस्ने छुट थिएन, प्रहरीलाई । जसोतसो तंग्रिएर उनीहरू सडकमा आउनैपर्थ्यो, छरपस्ट सरसामन हटाउनैपर्थ्यो, हराएका मालमत्ता खोज्नैपर्थ्यो, भग्न संरचनामा पस्नैपर्थ्यो । आफ्नो ड्युटी जो छ, गर्नैपर्थ्यो ।

हिजो लखेटिएका र मारिएका साथीभाइ सम्झिएर उनीहरू हतासिएका त थिए । आफ्नो कार्यस्थल उजाडिएको देखेर उनीहरू विरत्तिएका त थिए । तर मन निचोरिएरै उनीहरू आ-आफ्नो ठाउँमा तैनाथ भए । कोही फ्याटफ्याटे चप्पल लगाएर ट्राफिक व्यवस्थापनमा लागे, कोही फाटेकै लुगा लगाएर शान्ति सुरक्षामा खटिए ।

### दृश्यान्तर

त्यो मध्यान्ह टुँडिखेल गुल्जार थियो । वीर रसको धून, हावामा फहराइरहेका राष्ट्रिय झन्डा, स-सना विद्यार्थीको लयबद्ध झाँकी, घोडचडीको परेड, आकाशबाट पुष्पवृष्टि । त्यो उत्सवमय क्षणमा प्रहरीहरू कतै सुरक्षा कवच बनेका थिए, कतै मनोरञ्जनका हिस्सा ।

अवसर संविधान दिवसको थियो ।

हिजो जो लखेटिए, त्यही आज सुरक्षा दिँदैछन् । हिजो जो घाइते बनाइए, त्यही आज अरूलाई खुसी बाढ्दैछन् ।

छोटो अन्तरालका ती दुई विषम दृश्यले दानबहादुर कार्कीको हृदयलाई अनौठो ढंगले स्पर्श गऱ्यो । सबै कार्यक्रमको तामझाममा रमाइरहेका थिए । उच्च पदस्थको सवारी हुँदै थियो । तर, उनको मुटु एकतमासले धड्किएको थियो । र, त्यसको कम्पनमा कताकता बैराग्य-भाव थियो । कहिलेसम्म हामी लड्नुपर्ने ? कहिलेसम्म भाग्नुपर्ने ? कहिलेसम्म रुनुपर्ने ? कहिलेसम्म ?

यो अन्त्यहीन प्रश्नहरूको भूँइचालोले उनको मनमा अनायसै यस्तो शब्दभाव फुऱ्यो-

*'आमा म त फर्केर आएँ*
*खरानीबाट उठेर आएँ*
***कसरी देख्न सक्छु भाइभाइबीच तरवार चलेको***
***इतिहास जलेको, विश्वास ढलेको ।'***

उनले मनमा उर्लिएका भावनाहरूलाई सरसर्ती मोबाइलमा टाइप गरे ।

### नोस्टाल्जिया

एक ओसिलो बिहान । झमझम पानी परिरहेको बेला । बेसार पानी हो वा कुनै स्वस्थ्यबर्द्धक पेय, उनको अघिल्तिर थियो । झरीको त्यो मौसममा उनका हृदय सायद चिसिएको हुँदो हो । अलि भावुक हुँदै उनले सुनाए, 'किनभने हामी त खरानीबाट उठेर आएका थियौं । न भवन थियो, न साधन । धेरैथोक जलेको थियो । हाम्रो मन पनि ।'

त्यो क्षण भवन मात्र होइन भावना पनि ढलेको थियो । अब के होला ? आशंका र असुरक्षाले समाज भयभीत थियो । 'रे'को भुलभुलैया र भ्रमले समाजलाई अलमलाएको थियो । परिस्थितिको यस्तो कटमिरो मौसममा प्रहरीले आफूलाई जागा राखे । उनीहरू निदाएनन्, सुस्ताएनन् ।

दानबहादुर कार्कीले कविताकै शैलीमा सुनाए, 'साधन नहुँदा साधनाले । भवन नहुँदा भावनाले । कानुन नहुँदा कामनाले । हामी उठ्यौं, धूलो टकटकायौं । अनि अनिदो आँखा लिएरै काममा खटियौं ।'

सडकमा रगतको टाटो पुछिरहेका प्रहरीलाई कसैले सोधेन, 'तिमी थाकेनौं ?'

भग्न भवनको खरानी उठाइरहेका प्रहरीलाई कसैले सोधेन, 'तिमी आत्तिएनौं ?'

शवगृहमा मृत्त शरीर रुँघिरहेका प्रहरीलाई कसैले सोधेन, 'तिमी डराएनौं ?'

आफैंलाई हराएर, आफ्नो भावना दबाएर, आफ्नो दुःखहरू लुकाएर कसरी अरूका खातिर काम गरिरहेका छौं ? कसैले सोधेन ।

प्रहरीको बर्दीभित्र कसले देख्छ ? त्यहाँ एउटा बुबा छन्, एउटी आमा छिन् । एउटा माइती छन्, एउटी चेली छिन् । एउटा छोरा छन्, एउटी छोरी छिन् । एउटा श्रीमान् छन्, एउटी श्रीमती छिन् । कसैको आशा र भरोसा छन् । कसैको आड र अभिभारा छ । एउटा मान्छे छन्, एउटा मुटु र मन छ । उसलाई पनि दुख्छ । उसको पनि दुःख छ ।

### प्रहरीको गीत

एक साँझ दानबहादुर कार्की बालुवाटारको कफी हाउसमा थिए । टेबलमा तात्तातो कफी थियो । मनमा सितल बतास चल्यो ।

उनले अघिल्तिरको नेपकिन पेपर टिपे । अनि लेखे, 'हर गाउँ, हर नगरी...।'

शब्द सरल थियो, तर त्यो मनको तरल प्रवाह थियो । त्यो उनको अनुभूति थियो र अनुभव पनि । त्यो उनको भावना थियो, भोगाइ पनि ।

प्रहरीहरू, जो कठिन क्षणमा खटिन्छन् । धुलोमा होस् वा धुँवामा, बन्दमा होस् वा द्वन्द्वमा । ढुंगामुडा खाने उनीहरु नै हुन्छन्, घाइतेलाई बोकेर अस्पताल पुऱ्याउने पनि उनीहरु नै । पहिरोले बस्ती बगाएको होस् वा खोलामा गाडी फसेको होस्, उनीहरु नै उद्धारका लागि पुग्नुपर्छ ।

यावत् कुराले उनलाई लाग्यो, प्रहरीको गीत लेख्नुपर्छ । प्रहरीको दुःख बिसाउन र सुख मिसाउने भाका रच्नुपर्छ ।

किनभने प्रहरी सेवाको स्पन्दन छामेका उनले यस पेशाभित्रको सुन्दरता मात्र देखेका छैनन्, कठोरता पनि बुझेका छन् । ती सबैको बाबजुद पनि कसरी उनीहरुको मनोबल उकास्न सकिन्छ ? यही प्रश्नले अस्थिर बनाइरहँदा उनले त्यसलाई अभिव्यक्त गर्ने एउटै माध्याम पाए, गीत ।

केही सातअघि मात्र युरोपको विख्यात फुटबल क्लब इन्टर मिलानको अफिसियल फेसबुकमा राखिएको थियो । विश्व फुटबलले उत्सव मनाइरहेको एउटा छोटो दृश्य राख्दै पृष्टभूमिमा गीत बजाइएको थियो । त्यो गीत नेपाली थियो । त्यो गीत दानबहादुर कार्कीको थियो ।

फुटबलका नेपाली फ्यानहरूका लागि यो आफैंमा सरप्राइज थियो । उनीहरुले इन्टर मिलानको फेसबुकमा प्रतिक्रिया दिदै खुसी साटेका थिए, 'नेपाली गीत सुनाइदिनुभयो, धन्यवाद ।'

यसपाली गीतकारकै रूपमा भेट्ने मेसो जुराइएको थियो उनीसँग । गीतको सन्दर्भमा दानबहादुर कार्कीसँग कुरा गरिरहँदा यस्तो लाग्यो, उनका गीतहरूले एक सुन्दर पिरामिड बनाएको छ । त्यसको धरातलमा नेपाली माटो छ भने त्यसको शिखरमा नेपाली उत्सव । पिरामिडका अवयवहरूमा दुःख, सुख, वाध्यता, उत्साह, कर्तव्य, करुणा छन् । अनि त्यसलाई जोड्ने रसायन छ, प्रहरी र समाज ।

'द्वन्द्व पुग्यो, अब सिर्जनाबाट अगाडि बढौं । हातेमालो गरौं । सुखी र सुन्दर समाजको रचना गरौं ।' उनका गीतहरूको गुदी हुन् यी ।

उनले गीतहरू लेखेका होइनन् भावना पोखेका हुन् । भावना मात्र पोखेका होइनन् समाज र प्रहरीलाई एउटै भाकामा लयबद्ध गरेका हुन् ।

घरपरिवार छाडेर बाह्रैमास ड्युटीमा रहने प्रहरीका लागि उत्साहको डोज थपिदिएका हुन् । समाजको हृदयमा प्रहरीप्रतिको समभाव गुञ्जाइदिएका हुन् । *(स्रोतः अनलाईनखबर)*

# म आफैंलाई खोज्दै छु



**सरोज प्रसाद साह**

रगतको रङ्गमा उज्यालो देख्दै छु,
इतिहासको ढुङ्गामा गाथा लेख्दै छु ।
सपथ विरत्वको-मुटुमा देशको माया रोप्दै छु,
घृणाको अन्धकारमा हराएको म, म आफैंलाई खोज्दै छु ॥



अर्काको गाउँमा नयाँ रीत लिएर,
भविष्यको सादा पानामा, शान्ति कोर्दै छु ।
गरिबीको गाउँमा, समृद्धि रोज्दै छु,
हिंसाको भीडमा हराएको म, म आफैंलाई खोज्दै छु ॥



लोकधुन गुञ्जिन्छ-गाउँको मेलामा,
झल्किदैछ साहस बलिदानी खोलामा ।
हृदय गाँसेर सारा, विराम गर्दै छु,
परसंस्कृतिमा हराएको म, म आँफैलाई खोज्दै छु ॥
वीरेन्द्रको सपनाको देश यही हो ?
विचार गर्दै छु ।

गुमाएका सारा सम्झेर, हिसाब गर्दै छु,
पहिचानको भीडमा हराएको म, म आफैंलाई खोज्दै छु ॥
अन्धकार हटाउन, चेतनादिप जलाउँछु,
जालोमा भ्रष्टताको आवाज उठाउछु ।
न्याय र धर्मको बाटो रोज्दै छु,

अन्यायको भीडमा हराएको म, म आफैंलाई खोज्दै छु ॥
भविष्यको बाटोमा सपना लेख्दै छु,
समृद्ध नेपालको गगन देख्दै छु ।
अनेकौं आवाजलाई मुटुमा भर्दै,

देश र जनतामा हराएको म, म आफैंलाई खोज्दै छु ॥
म आफैंलाई खोज्दै छु..........!
म आफैंलाई खोज्दै छु..........!!

# The Day I Met You



**Ashlesha Bajracharya**

The day I met you,
That I can never forget
I even remember the day and the date
When I saw you I literally fainted

The new place with a new person
Smile, giggles and different emotions
I had never imagined I would meet you
The charming smile which I trapped into

You are decent and so perfect all the way
You one glance makes my heart sway
You are like the star in the sky
Which is far and only appears at night

And though the distance keeps you apart
You still reside within my heart
Like a dream I never want to end
A stranger once, now more than a friend

*Class-7, Navodaya Shishu Sadan, Hetauda-4*

# हजुरबा



**मन्जिल गोले**

टोलाई रहन्छु म आजकल आकाशलाई हेरेर
तारा र जुन बीचमा तिमीलाई नै खोजेर
तिमी त टाढा गयौं
मलाई नै छाडेर ।

दुई हात जोडी भन्छु
आउन फेरि फर्केर
छाडेर गएपनि म बिर्सिने छैन तिमीलाई
गाह्रो हुँदो रहेछ भुल्न तिम्रो माया ममतालाई ।

पर्खिरहेछु म त्यही कोठामा
तर फर्केर आएनौ तिमी
गयौ तिमी यो संसार छाडी
सबैसँग आफ्नो नाता तोडी ।


हराएको छौ तिमी
यो मनले खोज्ने गर्छ
सम्हाल्छु आफैंलाई तर
सम्झनाले मलाई सताइरहन्छ ।

कहाँ छौं बा ?
मैले खोज्न सकिन
तिमीले भोगेका ती कठिन क्षण
मैले सोच्नै सकिन ।

अझै पनि विश्वास लाग्दैन बुबा
तिमी यो संसारमा छैनौ भनेर
म पनि एकदिन अवश्य आउने छु
तिमीलाई सम्झेर ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# चित्रकला






**केन्जी लामा**
**कक्षा-३, नवोदय शिशु सदन, हेटौंडा-४**


## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**


# विद्यार्थी परिचय



**सपना याद‌व**
**कक्षा-१२**
**चन्द्रोदय मावि, हेटौंडा-८**

सपना यादव हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ । उहाँले शिक्षा संकायमा अंग्रेजी विषय लिनुभएको छ । उहाँको घर रौतहट जिल्ला हो भने यहाँ मामाघरमा बसेर अध्ययन गर्दै आउनुभएको छ । उहाँले चन्द्रोदय माविमा कक्षा ११ देखि अध्ययन गर्न थाल्नुभएको हो ।

उहाँ रौतहट भन्दा यहाँ राम्रो पढाई हुन्छ भनेर आउनुभएको बताउनुहुन्छ । ठाउँ अनुसार फरक परिस्थिति भएकाले उहाँ यता पढ्न आउनुभएको बताउनु हुन्छ । उहाँको परिवारमा आमा, बाबा र भाइ हुनुहुन्छ । उहाँको आमा गाउँ मै बस्नु हुन्छ भने बाबा र भाइ काठमाडौंमा बस्नु हुन्छ । आमा गृहिणी हुनुहुन्छ भने बाबा पसलमा काम गर्दै आउनुभएको छ । भाइ कक्षा ११ मा पढ्दै हुनुहुन्छ ।

उहाँ भविष्यमा शिक्षक बन्ने बताउनुहुन्छ । उहाँलाई क्रिकेट र भलिबल हेर्न मन पर्छ । उहाँ आगामी दिनमा स्नातक तह अध्ययनका लागि काठमाडौंमा बाबा र भाइसँग बसेर अध्ययन गर्ने बताउनु हुन्छ ।

# संसारकै प्यारी मेरी आमा



**रेजिना सुनुवार**

संसारकै प्यारी मेरी आमा
तिम्रो काखमा छ मेरो सारा सपना

औंला समातेर हिँड्न सिकायौ
दु:खमा पनि हाँस्न सधैं सिकायौ

भोक लाग्दा गाँस हौ तिमी
थाक्दा मिठो बास हौ तिमी
तिम्रो त्यो न्यानो अङ्गालोमा
स्वर्गको खुसी पाउँछु म

भगवान खोज्न टाढा जानु पर्दैन
आमाको काख भन्दा प्यारो ठाउँ छैन
सधैं रहिरहोस् तिम्रो मायाको छाया
जुनी जुनी पाइरहुँ यो आशीर्वाद र छायाँ

*कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*

# आर्या मेरो नाम



**आर्या दूलाल**

आर्या मेरो नाम
पढ्ने मेरो काम
मनपर्छ पापा
किनिदिनुस् बाबा ॥

आमा मनपर्छ
बाबा मनपर्छ
म सानी छोरी
मायाकी डोरी ॥

फूल मनपर्छ
पानी हाल्नुपर्छ
सिम्रिक राष्ट्रिय रङ
हेरी पर्छु दङ्ग ॥

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# मेरो बचपन



**मिथलेस यादव**

बाल्यकाल जीवनको सबैभन्दा सुन्दर र निर्दोष समय हो । 'मेरो बचपन' भन्नासाथ ती धुलोमा खेलेको दिनहरु, आमाको न्यानो काख र बुवाको औंला समातेर हिँडेका यादहरु मनमा ताजा भएर आउँछन् । यो बचपनमा बस एउटा खेलौना र साथीहरुसँगको रमाइलो नै संसार थियो । स्कूल जान मन नलागेर गरिने बहानाहरु, झरीमा कागजको डुङ्गा चलाएको र सानो कुरामा पनि मन खोलेर हाँसेको त्यो समय अहिले सपना जस्तो लाग्छ ।

समयसँगै हामी ठूलो त भयौं तर त्यो निस्वार्थी खुशी र सादा जीवन कता हरायो पत्तै भएन । आज यस भिडभाडमा व्यस्तताको बीचमा कता-कता त्यही पुरानो त्यही बचपनको शान्ति खोजिरहेको आभाष हुन्छ । गाउँको त्यो वर-पिपलको चौतारी, लुकामारी खेल्दा लुकेका ठाउँहरु र हजुरआमाले रातमा सुनाउने कथाहरु मेरो मनसपटलमा अझैं ताजा छन् । बिहान उठ्ने बित्तिकै गाउँका गल्लीहरुमा दौँडिने नै मेरो दिनचर्या थियो ।

मेरो बाल्यकाल दिनहरु सम्झिँदा अहिले पनि ओठमा मुस्कान र मनमा छुट्टै आनन्द आउँछ । त्यो समयमा न त कुनै भविष्यको चिन्ता थियो न त वर्तमानको कुनै बोझ । बिहान उठ्ने बित्तिकै आमाको हातले चिया र बिस्कुट खानु र दिनभरी साथीहरुसँग खेल्नु नै संसार थियो । मेरो बचपन मेरा लागि एउटा यस्तो अमूल्य खजाना हो, जसको यादले मात्र पनि वर्तमानका सारा थकाइहरु मेटाइदिन्छ । त्यो बचपनको खुशी संसारको कुनै पनि बहुमूल्य चिजले दिन सक्दैन ।

*कक्षा-११, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*







# पुलिस क्लबले कोशीलाई ६ विकेटले हरायो




*प्लेयर अफ द म्याच पुलिस क्लबका दिनेश खरेललाई ट्रफी प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत विभागीय टोली नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई पराजित गरेको छ । मंगलबार विरगंजमा भएको खेलमा विभागीय टोली पुलिस क्लबले कोशी प्रदेशलाई ६ विकेटले पराजित गरेको छ ।

जारी प्रतियोगितामा मंगलबार भएको खेलमा विभागीय टोली पुलिस क्लबले टस जितेर बलिङ रोजेको थियो । कोशीले ४२ ओभर ५ बलमा अलआउट हुँदै पुलिस सामु १६३ रनको लक्ष्य प्रस्तुत गरेको थियो । कोशी प्रदेशका कप्तान सुजन थपलियाले ४८ रन, सुमन श्रेष्ठले ४३ रन र अंकित सुवेदीले २६ रन बनाए । पुलिस क्लबका दिनेश खरेलले ५ विकेट, ललितनारायण राजवंशी र सागर ढकालले समान २ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको नेपाल पुलिस क्लब खेलको ३४ औं ओभरमा लक्ष्य भेटाउन सफल भयो । पुलिस क्लबले ३३ ओभर ५ बलमा ४ विकेट गुमाएर लक्ष्य भेट्टायो । पुलिस क्लबका कप्तान आरिफ शेख र रासिद खान अविजित रहँदै क्रमश: ८१ र ७३ रन बनाए । कोशीका विपिन कुमार महतोले २ विकेट र दिपेश कंडेलले १ विकेट लिए । पुलिस क्लबका दिनेश खरेल प्लेयर अफ द म्याच घोषित भए ।

यो जितसँगै पुलिस क्लबले मधेश प्रदेशलाई उछिन्दै अंक तालिकाको शीर्षस्थानमा उक्लिएको छ । ५ खेलबाट ७ अंक जोडेका पुलिस क्लब शिर्ष स्थानमा छ भने समान ५ खेलबाट १ अंक मात्र जोड्न सकेका कोशी प्रदेश अंक तालिकाको पुच्छारमा रहेको छ । कोशी प्रदेश जारी प्रतियोगिता हालसम्म एउटा पनि खेल जित्न सकेको छैन ।

# छुट्टाछुट्टै घटनामा २ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको २ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र नुवाकोट जिल्लामा सोमबार ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-३, बेलचोकस्थित मानवसेवा आश्रममा बस्दै आएका अन्दाजी ८० वर्षीय वृद्धको मृत्यु भएको छ । राजेन्द्र बहादुर शाह भनेर चिनिने वृद्धलाई २०८१ साल कात्तिक ५ गते इच्छाकामना गाउँपालिका-५, मुग्लिङ बजार क्षेत्रमा बेवारिसे अवस्थामा फेला परेको थियो । उद्दार गरी उनलाई मानवसेवा आश्रममा राखिएको थियो । आश्रममै उनको सोमबार बिहान ६ बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।

चितवनको राप्ती नगरपालिका-१०, चिप्लेटीमा एक महिलाको सुतिरहेको अवस्थामा मृत्यु भएको छ । मृत्यु हुनेमा ३२ वर्षीया सुष्मा प्रजा रहेको प्रहरीले जानकारी दिएको छ । सुष्मा आइतबार बेलुका खाना खाएर सुतेकी थिइन् । तर बिहान ८ बजेसम्म नउठेपछि परिवारले हेर्दा उनी मृत अवस्थामा फेला परेकी हुन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

नुवाकोटको शिवपुरी गाउँपालिका-८, सत्तरीमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा ६२ वर्षीय रामशरण गिरी रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार दिउँसो १ बजेर ३० मिनेटको समयमा गिरी घरदेखि उत्तरतर्फ रहेको राजेन्द्र श्रेष्ठको खेतको कुलोमा लडिरहेको अवस्थामा फेला परेका थिए । कुलोबाट बाहिर निकालेर हेर्दा रामशरणको मृत्यु भइसकेको अवस्थामा फेला परेका हुन् ।

# मकवानपुर र वीरेन्द्र बहुमुखी क्याम्पसबीच अन्तरक्रिया



*अन्तरक्रियापछि मकवानपुर बहुमुखी क्याम्पस परिसरमा खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र चितवन जिल्लाको भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पस बीच अन्तरक्रिया भएको छ । मंगलबार मकवानपुर बहुमुखी क्याम्पसमा भएको अन्तरक्रियामा दुवै क्याम्पसका क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुख, प्राध्यापक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

अन्तरक्रियामा वीरेन्द्र बहुमुखी क्याम्पसको भ्रमण टोलीले मकवानपुर बहुमुखी क्याम्पसको भौतिक, शैक्षिक तथा प्रशासनिक संरचनाको अवलोकन गरेको थियो । अन्तरक्रियाका क्रममा शैक्षिक गतिविधि, अनुसन्धान, जर्नल प्रकाशन, आर्थिक तथा प्रशासनिक विषयमा छलफल भएको थियो । साथै मकवानपुर बहुमुखी क्याम्पस विश्वविद्यालय अनुदान आयोगबाट तेस्रो पटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्राप्त गर्ने प्रक्रियामा रहेको जानकारी गराइएको थियो ।

कार्यक्रममा वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. प्रेमसागर भण्डारीसहितका प्राध्यापक तथा कर्मचारीहरूको सहभागितामा मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल लगायतसँग अन्तरक्रिया गरिएको थियो । अन्तरक्रियामा दुवै क्याम्पसबीच शैक्षिक अनुभव आदान-प्रदान, अनुसन्धान प्रवर्द्धन र संस्थागत विकासका विषयमा केन्द्रित छलफल भएको थियो ।

# विशेषज्ञ चिकित्सकको काज फिर्ता

काठमाडौं : पहुँच र शक्ति प्रयोग गरेर सुगम क्षेत्रका अस्पतालमा काज मिलाएर बसेका विशेषज्ञ चिकित्सकलाई अब आफ्नै दरबन्दी भएको अस्पतालमा फर्किनुपर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले देशभरि स्वास्थ्य सेवाको सन्तुलन मिलाउन तथा दुर्गम क्षेत्रमा विशेषज्ञ चिकित्सकको अभाव अन्त्य गर्न कडाइ गरेसँगै पहिलो चरणमा नवौं र दशौं तहका १४ जना विशेषज्ञ चिकित्सकलाई उनीहरूको दरबन्दी रहेको अस्पतालमा फिर्ता पठाइएकी छिन् ।

मन्त्रालयका अनुसार दुर्गम जिल्लाका अस्पतालमा विशेषज्ञ सेवा सुनिश्चित गर्न, लामो समयदेखि शक्तिको आडमा सुगम रोज्ने प्रवृत्ति अन्त्य गर्न र सर्वसाधारणले आफ्नै क्षेत्रमा विशेषज्ञ उपचार पाउने वातावरण बनाउन यस्तो निर्णय गरिएको हो । मन्त्रालयले पहिलो चरणमा डडेलधुरा अस्पताल, नारायणी अस्पताल वीरगञ्ज र गजेन्द्र नारायण सिंह अस्पताल सप्तरीलाई प्राथमिकतामा राख्दै काज फिर्ता गरिएको छ । निर्णय अनुसार डडेलधुरा अस्पतालमा ४ जना, नारायणी अस्पताल वीरगञ्जमा ५ जना र गजेन्द्र नारायण सिंह अस्पताल सप्तरीमा ५ जना विशेषज्ञ चिकित्सक फिर्ता भएका छन् ।

काज फिर्ता गरिएका चिकित्सकहरूमा डा. रोहिता बज्राचार्य, डा. जोसनलाल बज्राचार्य, डा. विशालकुमार देव, डा. प्रकाश ढकाल, डा. सुशील समदर्शी, डा. सन्तोषकुमार गुप्ता, डा. मिसन्ता शर्मा, डा. नविनचन्द्र भट्ट, डा. सुयोग्य वाग्ले, डा. सोनीका धरी श्रेष्ठ, संजोग तिमिल्सिना, डा. अरुण ज्ञवाली, डा. मुकेश पौडेल र डा. दिपेश भट्टराई छन् ।

*स्रोत : अनलाइनखबर ।*

# विभिन्न मुद्दाका फरार प्रतिवादीहरु पक्राउ

समाज संवाददाता

हेटौँडा : विभिन्न मुद्दामा दोषी ठहर भई फरार रहेका ७ जना प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेको छ । सोमबार जिल्ला प्रहरी कार्यालय तथा मातहत कार्यालयहरुबाट खटिएका प्रहरी टोलीले खोजतलासको क्रममा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ पर्नेमा बैकिङ कसुर अन्तर्गत हेटौँडा-५ का ४७ बर्षीय सुरेन्द्रलाल श्रेष्ठ, मानव बेचबिखन तथा ओसारपसार मुद्दामा थाहा-११, टिस्टुङका ७२ वर्षीय मान बहादुर थोकर पक्राउ परेका छन् । यस्तै चेक अनादर अन्तर्गत हेटौँडा-१३ का ४८ वर्षीय विकास वाईबा, हेटौँडा-९ का बासुराम भण्डारी, हेटौँडा-९ की कोपिला अधिकारी, थाहा नगरपालिका-१ गहतेका ३७ वर्षीय मोहन गोपाली र हेटौँडा-४ का ४८ वर्षीय सरोज लामिछाने रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभएको छ । जिल्ला अदालत मकवानपुरबाट विभिन्न मितिमा फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय तोकिए पश्चात फरार रहेकोमा पक्राउ गरी आवश्यक कारबाहीका लागि ६ जना प्रतिवादीहरुलाई मकवानपुर जिल्ला अदालत तथा १ जनालाई नेपाल प्रहरीको अनाश्रित गुल्म १ काठमाडौंमा बुझाइएको प्रहरीले जनाएको छ ।

# रोटरी क्लबको साताव्यापी नि:शुल्क आँखा शिविर




*आँखा शिविरमा आँखा परीक्षण गरिँदै । फाइल तस्वीर ।*

समाज संवाददाता

हेटौँडा : रोटरी क्लब अफ हेटौँडाले नि:शुल्क आँखा परीक्षण तथा मोतियाबिन्दु शल्यक्रिया शिविर सञ्चालन गर्ने भएको छ । क्लबले बुधबार, बिहीबार र शनिबारसम्म रौतहट, बारा, पर्सा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा शिविर सञ्चालन गर्ने हुनेछ भने आइतबार र सोमबार शल्यक्रिया गर्ने क्लबका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

शिविरमा भेटिने मोतियाबिन्दुका बिरामीहरूको शल्यक्रिया हेटौँडा सामुदायिक आँखा अस्पतालमा हुनेछ । शिविर अवधिभर बिरामीहरूलाई खान, बस्न तथा आवतजावतको सम्पूर्ण सुविधा नि:शुल्क प्रदान गरिने क्लबका अध्यक्ष प्रधानले जानकारी दिनुभयो । जाँच पश्चात फेला परेका सबै मोतियाबिन्दुका बिरामीहरूको शल्यक्रिया गरिने उहाँको भनाइ छ ।

शिविर बुधबार रौतहटको कटहरीया बजारमा हुनेछ । त्यस्तै बिहीबार बारा जिल्लाको कलैया-१७, ठूलो ब्रम्हपुरी र पर्सा जिल्लाको जगरनाथपुर-६, औराहमा, शनिबार महोत्तरी र बर्दिवास शिविर आयोजना हुने अध्यक्ष प्रधानले बताउनुभयो । स्थानीय स्तरमा नियमित रूपमा यस्ता स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको रोटरी क्लब अफ हेटौँडाको यस पहलले ग्रामीण क्षेत्रका आँखाका बिरामीहरूलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको उहाँको भनाई छ । शिविरमा हेटौँडा सामुदायिक आँखा अस्पतालका चिकित्सकहरुले स्वास्थ्य जाँच गर्नेछन् ।

# एमालेले घोषणा गऱ्यो देशव्यापी प्रदर्शन

काठमाडौं : नेकपा एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओली पक्राउको विरोधमा देशव्यापी प्रदर्शनका कार्यक्रम तय गरेको छ । मंगलबार बसेको पार्टीको केन्द्रीय सचिवालय बैठकले चैत २४ गतेदेखि पार्टीका विभिन्न कमिटीमार्फत देशव्यापी प्रदर्शन आयोजना गरेको महासचिव शंकर पोखरेलले जानकारी दिए ।

उनका अनुसार, चैत २४ गते सबै जिल्ला कमिटी वृहत कार्यकर्ता भेला आयोजना गर्ने निर्णय भएको छ । त्यसपछि पालिका, वडा, प्रदेश हुँदै राजधानी केन्द्रित प्रदर्शनका कार्यक्रम गर्ने निर्णय भएको महासचिव पोखरेलले बताए । वैशाख ३ गते वडा तहमा भेला, ७ गते प्रदेश राजधानीहरूमा प्रदर्शन प्रदर्शन गर्ने कार्यक्रम तय भएको एमालेले बताएको छ । उनका अनुसार वैशाख १२ गते राजधानी काठमाडौंमा विरोध प्रदर्शन एवं सभा आयोजना हुनेछ ।

# उद्योग वाणिज्य महासंघमा मकवानपुरका कटुवाल र न्यौपानेको दावी

समाज संवाददाता

हेटौँडा : नेपाल उद्योग वाणिज्य महासंघको आसन्न साधारणसभामा मकवानपुरबाट कृष्ण कटुवाल र राजकुमार न्यौपाने केन्द्रीय सदस्यमा उम्मेदवारी दिने तयारीमा छन् । यही चैत २९ र ३० गते काठमाडौंमा हुने साधारणसभामा कटुवालले खुला केन्द्रीय सदस्यको उम्मेदवारी दिने तयारीमा छन् भने राजकुमार न्यौपाने भुगोलतर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिने बताइएको छ ।

कटुवाल र न्यौपाने दुबैजना मकवानपुर उद्योग वाणिज्य संघको पूर्वअध्यक्ष एवम् वर्तमान महासंघको कार्यसमिति सदस्य छन् । आसन्न निर्वाचनका लागि चैत २३ गते उम्मेदवारी दर्ताको समय निर्धारण गरिएको छ । कटुवाल र न्यौपानेसँगै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिको उपाध्यक्षमा मकवानपुरका कृष्णकुमार गुप्ता अग्रवालले उम्मेदवारी दर्ता गराएका छन् भने प्रदेश समितिको कोषाध्यक्षमा जीवनकाजी माकजुले उम्मेदवारी दर्ता गरेका छन् । यस्तै मकवानपुरका उद्यमी विष्णु खनाल प्रदेश समिति सदस्यमा उम्मेदवारी दर्ता गराएका छन् । महासंघको बागमती प्रदेश समिति अध्यक्षमा सिधुपाल्चोकका वेदप्रसाद श्रेष्ठ र काठमाडौंका दुर्गा श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

"उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता"

## ६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२

### राष्ट्रिय सहकारी दिवसका कार्यक्रमहरु

| मिति | स्थान र समय | कार्यक्रम |
|---|---|---|
| २०८२/१२/१४ | सबै सहकारी संघ/संस्थाको कार्यालयमा | यस वर्षको नारा "उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता" उल्लेख गरि ब्यानर राख्ने |
| २०८२/१२/१८ | बुद्धचोक हेटौंडा १० बिहान ७:०० बजे | रक्तदान कार्यक्रम |
| २०८२/१२/१९ | हिमालयन दरबार हेटौडा १, चौकीटोल बिहान ७:०० बजे | सहकारीको वर्तमान समस्या र समाधानका उपायहरु विषयक अन्तरक्रिया |
| २०८२/१२/२० | हुप्राचौरबाट सुरुभई हिमालयन दरबार हेटौडा १, चौकीटोल बिहान ७:०० बजे | प्रभातफेरीसहितको सहकारी दिवस समारोह |
| २०८२/१२/२० | सबै संघ/संस्थाको कार्यालयमा साँझ ७:०० बजे | सहकारी संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२
मूल समारोह समिति मकवानपुर
बागमती प्रदेश, हेटौंडा

## क्षयरोगबाट बचौं र बचाऔं ।

- खोक्दा र हाँछ्यू गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्तासम्म बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधी सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधी सेवन गरौं,
- क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाईमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

## रोजगारीको अवसर

हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।

सम्पर्क : ९८२१-२५९३९३

## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ